बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या : ०७८/७९
चलानी. नम्वर : २६६०

मिति : २०७९/०३/२४

**विषयः आर्थिक वर्ष २०७९/८० को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन।**

प्रिय सहकारीज्यू
श्री उपन्यायाधिवक्ताज्यू

प्रदेश विनियोजन ऐन, २०७९ प्रदेश सभाबाट पारित भई मिति २०७९/०३/२१ गते माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भईसकेको व्यहोरा यहाँहरु सबैलाई विदितै छ। सोही अनुसार आर्थिक वर्ष २०७९/८० को लागि त्यस मन्त्रालय/निकाय अन्तर्गत विनियोजित रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परिक्षण गर्ने/गराउने समेतको जिम्मेवारी यहाँबाट पुरा हुनेछ भन्ने विश्वास लिएको छु। प्रदेश सरकारको सिमित स्रोतको परिचालन गर्दा अधिकतम प्रतिफल हुने गरी मितव्ययिता, प्रभावकारीता र दक्षता कायम हुनेछ भन्ने समेत विश्वास लिएको छु। प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै वित्तीय अनुशासन कायम गर्न प्रदेशको विनियोजन ऐन, २०७९, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र प्रदेशको आर्थिक कार्यविधि ऐन तथा नियमावलीको पालना गर्नुहुनेछ भन्ने विश्वासका साथ प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा ४ वमोजिम प्रस्तुत मार्गदर्शन प्रेषित गरेको छु।

## (क) अख्तियारी, कार्यक्रम स्वीकृति, बाँडफाँट र निकासा

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा P-LMBIS (Provincial Line Ministry Budget Information System) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालयहरू मार्फत बजेट कार्यान्वयन गर्ने निकायलाई बजेट निकासा हुनेछ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ । तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकारीले स्वयम् चौमासिक विभाजन संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

कार्यालय वा ईकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गर्नुपर्नेछ ।यस बमोजिम भएको संशोधनको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

३. यस मन्त्रालयबाट बजेट कार्यान्वयन मार्गदर्शन जारी भएपश्चात २०७९ श्रावण ७ गते भित्र तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/कार्यालयबाट सम्बन्धित कार्यालयमा अख्तियारी तथा बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन पठाई सक्नुपर्नेछ।

४. कुनै निकायमा एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी विनियोजन भएको रकम तथा प्रशासनिक खर्च बाहेक P-LMBIS (Provincial Line Ministry Budget Information System) मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रूपमा विनियोजित रकम सम्वन्धित निकायको प्रमुखले खर्च गर्ने निकायहरूलाई विनियोजन ऐन, २०७९ को दफा ८ को उपदफा ३ बमोजिम २०७९ साल असोज मसान्तभित्र बाँडफाँट गरिसक्नु पर्नेछ । साथै सोको विवरण P-LMBIS मा प्रविष्टि गरी यस मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नुहुनेछ ।

५. विनियोजन ऐन, २०७९ बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/कार्यालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/सचिवालय/आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउनुपर्नेछ ।

६. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु) र ३१५११ (भैपरी आउने-पूँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। फागुन मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरुमा विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट चैत्र १५ गतेभित्र अनिवार्य रूपमा अभ्यर्पण गर्नुपर्नेछ।

७. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रकृयाबाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा गरिने छैन।

८. मन्त्रालय/निकायमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगर्ने तर नयाँ कार्यक्रमका लागि थप निकासा माग्ने कार्य गर्नु हुने छैन। चालु वर्षको बीचमा आएर कुनै पनि नयाँ कार्यक्रम थप र उद्देश्य फरक भएका योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन।


फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

९. प्राकृतिक प्रकोप, विपत्ति तथा संकट र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमा भित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

**(ख) योजना/हस्तान्तरण र कार्यान्वयन**

१०. विनियोजन ऐन, २०७९ को दफा ५ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको इकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गराउनुपर्ने भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।संघीय सरकारको इकाई मार्फत पूँजीगत योजना वा कार्यक्रम कार्यान्वयन गराउनु परेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति समेत लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई नेपाल सरकारको विनियोजन ऐन, २०७९ को व्यवस्था अनुरूप हुनेगरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

११. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा तहाँ मन्त्रालय अन्तर्गतका हस्तान्तरित सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनको लागि कठिनाई पर्न गएमा सो निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ ।स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चको स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खर्चको स्वीकृत मापदण्ड लगायतका कार्यविधि भए सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ ।

**(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

१३. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरूको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको ढाँचामा स्वीकृत गरी तोकिएको समय सिमाभित्र पेश गरी सोहि अनुरूप कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१४. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक नयाँ ऐन तर्जुमा वा विद्यमान ऐनमा संशोधन गर्नुपर्ने भएमा मस्यौदा तयार गरी कार्तिक १५ गते भित्र प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी


फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

सक्नुपर्नेछ। विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा असोज मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुहुनेछ।

१५. विनियोजन ऐन, २०७९ बमोजिम नयाँ आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधि भरका लागि जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दी २०७९ असोज मसान्त भित्र स्वीकृत गराई सक्नुपर्नेछ।

१६. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरु पुरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाईन र लागत अनुमान तयार गरी २०७९ असोज मसान्त भित्र स्वीकृत गरी बोलपत्र आव्हान गरिसक्नुपर्नेछ। २०७९ मङ्सिर १५ भित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौता गर्नुहुनेछ। ठेक्का सम्झौता भएको १५ दिन भित्र कार्य शुरु गर्नेगरि कार्यदेश दिने व्यवस्था मिलाउनु हुनेछ।

१७. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसिमा भित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायिलाई कानून बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरुप कार्य नगर्ने, गुणस्तर कायम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गरी निर्माण व्यवसायी सँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१८. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिम सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनुहुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाईने व्यवस्था गर्नुहुनेछ।

१९. नेपाल सरकारबाट सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना तथा मासिक नगद प्रवाहको विवरण २०७९ श्रावण २० गतेभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नुहुनेछ।

२०. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान मार्फत प्राप्त भएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने योजना वा कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय तथा सम्बन्धित संघीय मन्त्रालय तथा अर्थ


फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्य, परिमाण र कार्यक्षेत्र फरक नपर्ने गरी संशोधन प्रस्ताव यस मन्त्रालयमा पठाउनुहुनेछ।

२१. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी P-LMBIS मा प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ । चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा प्रदेश आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ को पालना गरी यस मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ ।

२२. चालु खर्चतर्फ मितव्ययिता र पूँजीगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नु हुनेछ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुने छैन । विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ ।

२३. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ। सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु बनाउने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु हुनेछ।

२४. आर्थिक वर्ष २०७९/८० को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेवार बनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। आयोजनामा खटिने कर्मचारीहरूलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरूमै अभिमुखिकरण तालीम प्रदान गर्नु हुनेछ ।कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, ईमान्दारीता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ।

२५. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२६. स्वीकृत बजेटको सीमा र स्वीकृत दरवन्दी भित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। नयाँ सेवा करारमा लिंदा सम्भव भएसम्म व्यक्ति नभई फर्म, कम्पनीबाट सेवा करारमा



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

लिनु पर्नेछ। सेवा करारमा कार्यरत व्यक्तिको तलब पारिश्रमिक खर्च शीर्षकबाट खर्च लेख्न पाइने छैन। करार सेवा शुल्कः खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्नेछ। सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाईने छैन।कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन ।

२७. विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२८. आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्दा आयोजनाको लक्ष्य र उपलब्धिलाई सूचकका आधारमा मापन गर्नुहुनेछ।

२९. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोको आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको निर्धारित भौतिक प्रगतिको न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ ।

३०. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र अनिवार्य सम्पन्न गर्नु हुनेछ ।

३१. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु/गराउनु हुनेछ । बहुवर्षिय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नु हुनेछ । नयाँ आयोजनाहरुको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्न पूर्ण जिम्मेवार हुने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुहुनेछ।

३२. सडक ठेक्कामा दिँदा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको एकिकृत काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गराउनु हुनेछ ।

३३. यस प्रदेशको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार मात्र सवारी साधन खरिद सम्बन्धी कार्य गर्नु हुनेछ।

३४. बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्बन्धमा प्रचलित कानूनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

३५. मन्त्रालयहरुबाट उपलब्ध गराईने विभिन्न अनुदानहरु प्रदेश सरकारबाट जारी गरिएको प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ अनुरूप प्रदान गर्नुपर्नेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

३६. संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयन गर्न त्यसको प्रक्रिया सुरु गरी तोकिएको अवधिमा सम्पन्न हुने व्यवस्था मिलाउनुहुनेछ ।

३७. आर्थिक सहायता लगायतका खर्च शीर्षकमा रकम विनियोजन भएको भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार गर्नु हुनेछ।

३८. आर्थिक वर्ष २०७९/८० मा विनियोजन भएका क्रमागत योजनाको रुपमा पहिचान भएका योजनाहरु तोकिएको समयमा नै सम्पन्न गर्नेगरी प्रक्रिया अगाडि बढाउनु हुनेछ।

३९. P-LMBIS का कुनै कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गर्नु गराउनु हुनेछ। अर्को कार्यक्रम र विनियोजित बजेट स्वतः फ्रिज भएको मान्नु पर्नेछ।

४०. P-LMBIS मा तहाँ मन्त्रालय/निकाय अन्तर्गत जिल्लास्थित एक कार्यालयका योजनाहरु अर्को कार्यालयमा प्रबिष्टि भएको भए समयमै जुन कार्यालयबाट कार्यान्वयन गराउनु पर्ने हो सो सम्बन्धी व्यवस्थाका लागि मन्त्रालय/निकायगत निर्णय सहित पेश गर्नु हुनेछ।

४१. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा बढी थप बजेट निकासा दिईने छैन।विनियोजित बजेटको सीमाभित्रै रहि कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

४२. रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्दा प्रदेश कार्य संचालन निर्देशिका, २०७८ को परिच्छेद ४ को बूँदा नं. ४.३.६, अनुसूचि ३ र ५ मा गरिएको व्यवस्था बमोजिम गर्नुहुनेछ।

४३. पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

४४. दोस्रो चौमासिक सुरु नभई रकमान्तर सम्बन्धी कार्य गरिने छैन। शुरु अख्तियारी दिइएको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा बजेट रोक्काको सुनिश्चितता गरेर मात्र रकमान्तर माग गर्नु गराउनु हुनेछ।

४५. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ । अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा गर्न यस मन्त्रालय बाध्य हुने छैन ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

४६. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रूख विरूवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलिंत कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई शुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर गरिने छैन ।

४७. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकहरूमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। यी खर्च शीर्षकहरुबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिबेदन पारित गराएर मात्र तलब, भत्ता बापत रकम भुक्तानी गर्नु पर्नेछ ।

४८. तलब भत्ता लागायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

४९. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा खरिद वा अन्य सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ लगायत अन्य प्रचलित कानून अवलम्बन गर्नुहुनेछ।

५०. प्रचलित कानूनी व्यवस्था अनुसार प्रतिवेदन प्रणालीलाई समसामयिक र व्यवस्थित गर्नुहुनेछ। कार्यक्रम खर्चको उपलब्धि सहितको प्रकाशित प्रतिवेदन यस मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु हुनेछ। प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को पूर्ण पालना गर्नुहुनेछ।

५१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नुहुनेछ ।

५२. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ । सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र मितव्ययी हुने प्रकारले कार्यक्रम अन्य स्थानमा आयोजना गर्नु पर्नेछ ।

५३. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नुहुनेछ । नयाँ खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु पर्नेछ। नयाँ स्थापना हुने कार्यालय तथा साबिकको कार्यालयमा दरबन्दी थप भएको अवस्थामा बाहेक



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अबलम्वन गर्नु हुनेछ ।

५४. सरकारी कार्यालयहरूलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकतामा राखी व्यवस्था मिलाउनु पर्नेछ । सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ।

५५. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको सरकारी मूल्याङ्कन समेतलाई आधार लिनु पर्नेछ ।

५६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गराउने र बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरूत्साहित गर्नुहुनेछ।

५७. सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन । बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसार अग्रिम आयकर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य रूपमा पूर्व सहमति लिएर मात्र प्रक्रिया अगाडी बढाउनुपर्नेछ ।यसरी सहमति नलिई गरिएका कार्यबाट सिर्जित हुने आर्थिक दायित्वको व्यवस्थापनका लागि यो मन्त्रालय बाध्य हुनेछैन ।

५९. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६०. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान मार्फत सञ्चालन हुने कार्यक्रमहरूको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रूपमा प्राप्त हुने हुँदा


फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन चौमासिक रूपमा यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुहुनेछ ।

६१. वैदेशिक स्रोत समावेश भएको सशर्त अनुदान फुकुवा भएपछि मात्र खर्च गर्नुहुनेछ।

६२. मन्त्रालय/सचिवालय/आयोगले आफ्नो र मातहतका कार्यालयहरूको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्नेछ । दोस्रो चौमासिक आय र व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुहुनेछ ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

६३. विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, लागायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालन गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ ।

६४. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा भएको व्यवस्था वमोजिम अनिवार्य रुपमा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिई खाता वन्द गर्नुहुनेछ।

६५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आईपरेका समस्या र कारणहरु उल्लेख गरी समयमै यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नु हुनेछ।

६६. चालु तथा पूँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा प्रभावकारी र मितव्ययितापूर्वक गर्नु गराउनु हुनेछ। कार्यालय सञ्चालन खर्च शीर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नु हुनेछ।

६७. प्रदेश मन्त्रालय, निकाय र सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६८. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, दाता, स्रोत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित परिमाण वा उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६९. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि प्रचलित कानून अनुरूप लेखा अभिलेख राख्ने व्यवस्था गर्नु हुनका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु हुनेछ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्बर :
मिति : ...............................

७०. आर्थिक वर्ष २०७८/७९ को अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत तहाँ मन्त्रालय/निकायलाई प्राप्त संघीय सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानबाट ख़र्च भएको खर्चको स्रोतगत विवरण २०७९ श्रावण १० गते भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

७१. आर्थिक वर्ष २०८०/८१ को बजेटमा समावेश गर्नुपर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजनाहरूको पहिचान, छनौट, मूल्यांकन तथा लाभ लागत, विश्लेषण समेतका आधारमा आयोजना ढाँचा तयार गरी २०७९ फागुन मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

*आर्थिक वर्ष २०७९/८० को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको **Website** : **moeap.bagamati.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिने छ।*

०७९।०३।२८

(धनिराम शर्मा)
प्रदेश सचिव

**श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय ।**

**संलग्नः**

क) आ.व. २०७९/८० को बजेट वक्तव्य - १ थान
ख) आ.व. २०७९/८० को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ थान
ग) आ.व. २०७९/८० को अन्तरसरकारी वित्त हस्तान्तरण(स्थानीय तह) - १ थान

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np